मोफसलको सर्वाधिक लोकप्रिय राष्ट्रिय दैनिक

# पूर्वाञ्चल

Purwanchal National Daily

श्रीअन्तु प्रकाशन (प्रा.)लि.

◆ वर्ष : २७ ◆ अङ्क : १३९ ◆ पृष्ठ ४ ◆ बिर्तामोड ◆ वि.सं. २०७८ चैत २३ गते बुधबार (Wednesday, April 6. 2022) नेपाल सम्वत् ११४२ Web : www.purwanchaldaily.com ◆ मूल्य रु. : ५/- भारतमा भारु. : ४/-


एभरेष्ट लार्ज कार्डमम इन्डष्ट्रिज
देशकै उत्कृष्ट निर्यातकर्ताः पृष्ठ ३मा



# जनप्रतिनिधिद्वारा पार्टीको काममा सरकारी गाडी दुरुपयोग

■ 'टिकट' का लागि दौडधुप

■ वहालवालाहरु जनप्रतिनिधिहरु नै 'बार्गेनिङ'मा

**बिर्तामोड, चैत २२।** स्थानीय तहको आसन्न निर्वाचनका लागि उम्मेदवारको 'टिकट' सुनिश्चित गर्न पार्टीका आकांक्षीहरुका दौडधुप बढेको छ ।

अहिलेका जनप्रतिनिधि नै पद दोहोर्‍याउने र माथिल्लो पदमा जाने दौडको अग्रपंक्तिमा देखिएका छन् । दलहरुले निर्वाचन केन्द्रित कार्यक्रम तीव्र बनाएका छन् । अनि जनप्रतिनिधिहरुचाहिँ पुनः 'टिकट' हत्याउन स्थानीय सरकारको सवारी साधन र अन्य स्रोतको चरम दुरुपयोग गरिरहेका छन् ।

सरकारी गाडी कार्यालयको काम वाहेक अन्यत्र प्रयोग गर्न पाइँदैन तर अधिकांश जनप्रतिनिधि आफ्नो निजी सम्पत्ति झैं गरी दुरुपयोग गरिरहेका छन् । पालिकाका प्रमुख-अध्यक्ष, पुनः पद दोहोर्‍याउन दौडमा छन् भने उपप्रमुख-उपाध्यक्ष माथिल्लो पदको बार्गेनिङमा छन् । अहिले पालिकाका मुख्य जिम्मेवारीमा रहेका जनप्रतिनिधि (प्रमुख-उपप्रमुख, अध्यक्ष- उपाध्यक्ष तथा वडाध्यक्ष)हरु सरकारी गाडी र अन्य स्रोतसाधनको दुरुपयोग गरेर पार्टीको काममा व्यस्त छन् । अझ कतिपयले निर्वाचनलाई प्रभावित पार्ने गरी आफ्ना नजिककालाई भटाभट बजेट समेत दिँदैछन् । पद र शक्तिमा भएका बेला पार्टी नेतृत्वलाई प्रभाव पार्न वहालवाला जनप्रतिनिधि सक्रिय देखिएका छन् । कतिपय पालिकामा पुनः उम्मेदवारका आकांक्षी जनप्रतिनिधिले सुविधा फिर्ता गर्न थालेका छन् ।

तर, झापामा अधिकांशले सुविधाको दुरुपयोग गरिरहेका छन् । कतिपयले सरकारी काम भने पनि पार्टी र भोट फकाउने कार्यमा व्यस्त छन् । झापाका पालिकाका प्रमुख-उपप्रमुख, अध्यक्ष-उपाध्यक्षलाई पूर्वाञ्चलकर्मीले प्रश्न गरेका छन्- अबको निर्वाचनमा कुनै पदमा तपाईको दावी छ ? अनि हाल प्रयोग गरिरहेको गाडी लगायतका सुविधा कहिले फिर्ता गर्नुहुन्छ ?

(बाँकी अन्तिम पृष्ठमा)

## विवाह गर्ने भन्दै....

**काठमाडौं, चैत २२।** बिवाह गर्ने प्रलोभन देखाई करिब ४२ लाख ३४ हजार रूपैयाँ ठगी गरेको अभियोगमा काठमाडौं धापासी बस्ने रामेछाप साँघुटार नगरपालिका-३ घर भएका ५२ वर्षीय नवीन भन्ने लोकबहादुर श्रेष्ठलाई प्रहरीले पक्राउ गरेको छ ।

बिवाह गर्ने प्रलोभन देखाई पीडितलाई बिश्वासमा पारी आफू बिरामी परेको भनी कहिले अस्पतालमा उपचार गर्न त कहिले झारफुक गर्नका लागि भन्दै आइएमई तथा सिटिएक्सप्रेस मार्फत पटक-पटक गरी उक्त रकम पठाउन लगाई ठगी गरेको भन्ने सूचनाको आधारमा महानगरीय अपराध

(बाँकी अन्तिम पृष्ठमा)

## प्लाष्टिकका झोलाको विकल्प खोजिँदै

**इलाम, चैत २२।** प्लाष्टिकको झोला मुक्त गरिएको इलाममा फेब्रिकका झोला उत्पादनका लागि उद्योग स्थापना गरिएको छ ।

रोङ गाउपालिका-३ कुटीडाँडास्थित माता पाथीभरा साना पर्यटन व्यवसायी समूहले गाउँपालिकासँगको सहकार्यमा सो उद्योग स्थापना गरेको हो । इलाममा कालो पोलिथिनको झोला बोक्न नपाइने भएपछि विकल्पमा फेब्रिक झोलाको प्रयोग बढ्न थालेकाले यसका लागि उद्योग

(बाँकी अन्तिम पृष्ठमा)

## संरक्षित वन्यजन्तुको अंगसहित पक्राउ

**काठमाडौं, चैत २२।** भक्तपुर मध्यपुर थिमी नगरपालिका-१ मनोहरा नयाँबस्तीबाट संरक्षित वन्यजन्तु कस्तुरीको विना जस्तो देखिने वास्नादार बस्तु ५ थान र भालुको पित्त जस्तो देखिने बस्तु ५ थानसहित ३ जनालाई सोमबार प्रहरीले पक्राउ गरेको छ ।

पक्राउ पर्नेहरूमा भक्तपुर मध्यपुर थिमी नगरपालिका-१ मनोहरा नयाँबस्ती बस्ने ४७ वर्षीय क्षत्रबहादुर बेगा, काठमाडौं कोटेश्वर बस्ने जुम्ला सिंजा गाउँपालिका-६ काडागाउँ घर भएका १८ वर्षीय किशोर र काठमाडौं जोरपाटी बस्ने पाँचथर याङ्वरक गाउँपालिका-२ तीनतिम्बो घर भएका ४६ वर्षीय लोकेन्द्र बेगा रहेका छन् ।

उक्त स्थानमा संरक्षित वन्यजन्तु कस्तुरीको विना र भालुको पित्तको कारोबार भइरहेको भन्ने सूचनाको आधारमा महानगरीय अपराध महाशाखाबाट खटिएको प्रहरीले उक्त कारोबारमा संलग्न उनीहरुलाई पक्राउ गरेको हो । उनीहरूलाई आवश्यक अनुसन्धान एवम् कारवाहीको लागि जिल्ला डिभिजन वन कार्यालय भक्तपुर पठाइएको छ ।

## दुर्घटनामा एक जनाको मृत्यु

**मोरङ, चैत्र २२।** मोरङको केराबारी गाउँपालिका-८स्थितमा सवारी दुर्घटना हुँदा एक जनाको मृत्यु भएको छ ।

को२त ६७०० नम्बरको ट्याक्टरमा ढुङ्गा लोड गरी लैजाने क्रममा ट्याक्टरको अगाडिको भाग उचालिँदा ट्याक्टर चालक केराबारी-१०का १९ बर्षीय पिलिज बिक ट्याक्टरको स्ट्रिङले च्यापिइ घाइते भइ उपचारको लागि स्थानीय सुकुना अस्पताल लगेकोमा उपचारको क्रममा मृत्यु भएको हो ।

घटना सम्बन्धमा इलाका प्रहरी कार्यालय केराबारीले थप अनुसन्धान गरिरहेको छ ।

## डुबेर एक जनाको मृत्यु

**सुनसरी, चैत्र २२।** सुनसरीको इनरुवा नगरपालिका-६ मधेसास्थित नहरको पानीमा डुबर एक जना बृद्धको मृत्यु भएको छ ।

६० बर्षीय बिर्खबहादुर निरौला आफ्नै घर छेउको नहरमा डुबेको अवस्थामा छिमेकीले फेला पारी तत्काल उपचारको लागि जिल्ला अस्पताल इनरुवा लगेका थिए । उनको उपचारको क्रममा मृत्यु भएको प्रहरीले जनाएको छ । घटना सम्बन्धमा जिल्ला प्रहरी कार्यालय सुनसरीबाट थप अनुसन्धान भइरहेको छ ।


## कनकाई घाट संस्थाको साधारणसभा तथा अधिवेशन सम्बन्धी सूचना

कनकाई घाट संस्थाको सातौं वार्षिक साधारणसभा तथा कार्यसमितिको निर्वाचनसहित पाँचौं अधिवेशन देहायको स्थान, मिति र समयमा गरिने तय भएकाले संस्थापक सदस्य, आजीवन सदस्य र साधारण सदस्यहरू सबैलाई उपस्थितिका लागि अनुरोधसहित जानकारीको लागि यो सूचना गरिएको छ ।

तपसिल

स्थान : कडरिया+भेटवाल बन्धु समाजको सभाहल (कनकाईधाम कोटीहोम परिसर)

मिति : २०७८ साल चैत्र २५ गते शुक्रवार    समय : बिहान ९:३० बजेदेखि ।

**प्रभाखर कडरियाः** अध्यक्ष

**कनकाई घाट संस्था**, कनकाई नगरपालिका-४, कोटीहोम, झापा

## हाडजोर्नी तथा नशा रोगको सफल उपचार

**सस्तो, भरपर्दो र गुणस्तरीय फिजियोथेरापी सेवा अब बिर्ता आयुर्वेद एण्ड फिजियोथेरापी सेन्टर बिर्तामोडमा**

प्यारालाइसिस, सम्पूर्ण हाडजोर्नी, नशाको समस्या कुमजाम भएको, नशा चेपिएको डिस्क प्रोल्याप्स, बाथ, युरिक एसिड साथै अन्य सबै रोगको अष्टाङ्ग फार्मेसीबाट औषधि र उपचार दैनिक ।

**बस्नको सुविधासहित फोन नं. ९८०६०००३१३, ०२३-५९०१६६,**

**दैनिक ओपीडीमा डा. विनय प्रधान , डा. भगवान शाह र अन्य काठमाडौंबाट आउनुहुने डाक्टरबाट पनि जाँच सेवा ।**

***दैनिक छारसूत्र विधिद्वारा पायल्सको सफल उपचार गरिन्छ ।***

## कर्मचारी आवश्यकता

बिर्तामोडमा सञ्चालित एक मेनपावरको शाखा कार्यालयलाई निम्न अनुसारका कर्मचारी आवश्यक परेकोले इच्छुकले तु-सम्पर्क गर्नुहोला ।

| पद : | संख्या : |
|---|---|
| P. R. O. : | १ जना |
| डकुमेन्टेशन : | १ जना (कम्प्युटरमा दक्ष) |
| रिसेप्सनिष्ट : | १ जना (अनुभविलाई विशेष प्राथमिकता) |

**सम्पर्क : ९८५२६७४६२८, ९८०७०७०२२९**

## डाक्टर आउनेबारेको सूचना

**डा. विकास जैशी**

MBBS, MD, DM Hepatology (NAMS)

**वरिष्ठ लिभर**

**(कलेजो, पेट, ग्याष्ट्रिक, अल्सर, जण्डिस, हेपटाइटिस रोग विशेषज्ञ)**

**वीर अस्पताल काठमाडौंबाट यही चैत २७ गते आइतबार आउँदै हुनुहुन्छ ।**

सम्पर्क : **कन्काई हस्पिटल प्रा. लि.**
बिर्तामोड, झापा (फोन नं. : ०२३-५३३८१८, ५३३८०७)

## काठमाडौंबाट आयुर्वेद विशेषज्ञ डाक्टर आउने बारेको सूचना

यदि मिति २०७८ चैत २५ गते आयुर्वेदिककै ख्यातिप्राप्त वरिष्ठ कन्सल्टेन्ट डाक्टर **सिद्धार्थ ठाकुर** सुश्रुत आयुर्वेद अस्पताल बिर्तामोडमा आउँदै हुनुहुन्छ ।

टाउको दुख्ने, माइग्रेन, जण्डिस, हेपाटाइटिस थाइराइड मृगौलाको पथ्थरी, ग्याष्ट्रिक, पुरानो अल्सर, निद्रा नलाग्ने, पुरुषहरुको शीघ्र स्खलन, महिलाहरुको पाठेघर सम्बन्धी समस्या, महिनाबारी गढबढी, बाँझोपन, निःसन्तान, हाडजोर्नी, युरिक एसिड, बाथरोग, पैतला झम्झमाउने, नसा च्यापिएको, मुटुको रोग पुरानो टन्सिल मोटोपन, कोलेस्ट्रोल बढेको लगायत शारीरिक एवम् मानसिक समस्या भएका बिरामी वर्गले यथाशीघ्र सम्पर्क राख्नुहोला ।

**सुश्रुत आयुर्वेद अस्पताल प्रा. लि.**

काँकरभिट्टा रोड बोलबल पेट्रोलपम्पसँगै

फोन नं.: ९८१८७९३९८६, ९८५२६८८९८६, ९८१७९४४०५७

## संयुक्त राष्ट्र संघ, विकास साझेदारहरु र अन्तर्राष्ट्रिय गैरसरकारी संस्था संघ नेपालको अपिल

हामी, संयुक्त राष्ट्र संघ, विकास साझेदारहरु र अन्तर्राष्ट्रिय गैरसरकारी संस्था संघ नेपाल (AIN) ले हस्ताक्षर गरेको कार्य सञ्चालनका आधारभूत मार्गदर्शनहरु (Basic Operating Guidelines) अनुसार विकास सहयोगमा निष्पक्षता, जवाफदेहिता, पारदर्शिता र समावेशीता प्रति हामी प्रतिवद्ध छौं । नेपालको महत्वपूर्ण स्थानिय निर्वाचन हुन गइरहेको सन्दर्भमा उल्लेखित सिद्धान्तहरु प्रति हाम्रो प्रतिवद्धतामा जोड दिन चाहन्छौं ।

त्यहि भावना अनुसार हामी राजनीतिक दल, सरोकारवालाहरु र अन्य समूहहरुलाई यी सिद्धान्तहरु, नेपालको विकासलाई अघि बढाउन र आसन्न निर्वाचन सफल पार्न सामुहिक प्रयासलाई सम्मान गर्न अपिल गर्दछौं ।

हामी विशेषतः हाम्रा कर्मचारी र परियोजनाहरुले सामना गर्नु पर्ने चुनौतीहरु प्रति चासो रहेको छ, जस्तै सरोकारवालहरुले चन्दा वा जिन्सी सहयोग उपलव्ध गराउन दिने दावाव । हामी सबै सरोकारवालाहरुलाई प्रष्ट पार्न चाहन्छौ कि, कार्य सञ्चालनका आधारभूत मार्गदर्शनहरु (Basic Operating Guidelines) का हस्ताक्षरकर्ता संस्थाहरुले नेपालको आउँदो निर्वाचन वा अन्य कुनै पनि समयमा चन्दा, नगद वा जिन्सी उपलव्ध गराउने छैन । न त हाम्रा कर्मचारी वा साझेदारहरु प्रति लक्षित कुनै पनि प्रकारको जबरजस्ती, त्रास वा धम्की दिने कार्य स्वीकार्न सक्दैनौं । हाम्रा साझेदारहरु र कर्मचारीहरुलाई यस नीति बारे निर्देशन दिईसकेका छौं ।

त्यसैले हामी नेपाल सरकार, राजनीतिक दल, सरोकारवालाहरु र अन्य समुहहरु संग कार्य सञ्चालनका आधारभूत मार्गदर्शनहरुका (Basic Operating Guidelines) सिद्धान्तहरु लाई सम्मान गर्दै नेपाली जनतालाई लाभान्वीत गर्नका लागि निर्वाचानको सन्दर्भमा पनि विकास गतिविधिलाई विनाअवरोध निरन्तरता दिन अनुरोध गर्दछौं ।

### तल उल्लेखित निकायहरुद्वारा सहमति गरिएका कार्य सञ्चालनका आधारभूत मार्गदर्शनहरु

अन्तर्राष्ट्रिय मान्यता प्राप्त तथा नेपालमै सहमत भएका जवाफदेहिता, निष्पक्षता, पारदर्शिता तथा समावेशिताका सिद्धान्तहरूमा आधारित हामी निम्न बमोजिमका निकायहरुले संघीय लोकतान्त्रिक गणतन्त्र नेपालका जनताका लागि सबै किसिमका विकास कार्यहरु गर्न र आवश्यकता भएमा मानवीय सहयोग गर्नको लागि समेत तल उल्लेखित कार्य संचालनका आधारभूत मार्ग दर्शनहरुमा कार्य गर्न सहमति जनाएका छौं ।

१. हामी नेपाली जनताको जीवनस्तर सुधारमा योगदान गर्नका लागि नेपालमा कार्यरत छौं । गरिबी न्यूनीकरण, आधारभूत आवश्यकताहरु परिपूर्ति गर्न र उनीहरुका विकास आकांक्षा पूरा गर्न समुदाय र देशलाई सक्षम बनाउन केन्द्रित हुनेछौं ।

२. हामी नेपाल सरकार संगको सम्झौता र स्थानीय समुदायहरुले स्वेच्छाले मुखरित गरेका चाहाना बमोजिम काम गर्दछौं । हामी जनमर्यादा, उनीहरुको संस्कृति, धर्म र रीतिरिवाजको सम्मान गर्दछौं ।

३. हामी नेपालका गरिव र सामाजिक रूपले पिछडिएका जनताहरुका लागि उनीहरु जहाँ बसेको भए पनि र जोसुकै भए पनि सहयोग पुर्‍याउँछौं । हाम्रा सहयोग कुनै राजनीतिक, जातिगत, धार्मिक वा अन्य आधारमा नभइ आवश्यकता र प्राथमिकताका आधारमा जो नेपाल सहयोगी राष्ट्र वा संस्थाको छलफलमा आधारित हुने छन् ।

४. हाम्रा सहयोगहरु सरकार र प्रभावित समुदायसंग पारदर्शी गर्ने, सुनिश्चित गर्दछौं, साथै लक्षित लाभान्वितहरु, उनीहरुका समुदायहरु तथा प्रतिनिधिहरुलाई कार्यक्रम तर्जुमा, व्यवस्थापन र कार्यान्वयनमा समेत संलग्न गराउछौं । हामीले सहयोग पुर्‍याउन खोजेकाहरु प्रति र उक्त सहयोगका लागि स्रोत र साधन पुर्‍याउने दुवैप्रति हामी जवाफदेही हुनेछौं ।

५. खासगरी लिंग, जातिगत, जात र धर्मको आधारमा गरिने भेदभाव र सामाजिक बहिष्कारलाई सुधार्नमा हाम्रा सहयोगलाई सुनिश्चित गर्न खोजिनेछ ।

६. हाम्रा कामका लागि चाहिने योग्यता भएका र काम सुहाउँदा कर्मचारीहरु भर्ना गर्दछौं र राजनीतिक वा अन्य कुनै कुराहरुको आधारमा गर्दैनौं ।

७. हाम्रा कर्मचारीहरु र विकासका साझेदारहरुलाई हिंसा, अपहरण, हैरानी, त्रास वा धम्की दिने कार्य हामीलाई स्वीकार्य छैन । हाम्रा कार्यक्रम र कर्मचारीहरुको सुरक्षाका साथै निर्वाध कार्यक्रम कार्यान्वयनका लागि उचित वातावरण बनाई दिन हुन सबन्धित सबैलाई जोड गर्दछौं ।

८. हाम्रा लाभान्वित समुदाय, कर्मचारी र सेवा प्रदायक साझेदारलाई असर गर्ने यौन शोषण, हैरानी र दुव्यवहार रोक्न तथा आरोपहरुको सम्बोधन गर्न हामी प्रतिवद्ध छौं ।

९. हाम्रा मुख्य मूल्य र मान्यताहरुमा सम्झौता गर्न हाम्रा कर्मचारीहरुलाई बाध्य तुल्याउने ठाउँमा हामी कार्य गर्दैनौं ।

१०. हाम्रा स्रोतसाधनहरुलाई कुनै किसिमको हिंस्रक, साम्प्रदायिक वा अन्य अभिप्राय जो हाम्रा उल्लेखित कार्यक्रमका उद्देश्य बाहिर भए हामीलाई मान्य हुनेछैन ।

११. हाम्रा उल्लेखित कार्यक्रमका उद्देश्य बाहिर हामी कुनै पनि समूह, राजनीतिक दल वा आवद्ध संस्थाहरुलाई चन्दा दिदैनौ साथै कुनै किसिमको करकाप वा स्वैच्छिक नगद वा जिन्सी प्रदान गर्दैनौं ।

१२. हाम्रा उपकरण, मालसामानहरु र साधनहरु हाम्रा कार्यक्रममा उल्लेखित उद्देश्य वाहेक अन्य कार्यहरुमा प्रयोग गर्न दिइने छैन । हाम्रा सवारीसाधनहरू विकासको कार्यक्रमसंग प्रत्यक्ष सम्बन्ध नभएका व्यक्ति वा सामानहरु ढुवानी गर्न प्रयोग हुने छैन । हाम्रा सवारीसाधानहरु सशस्त्र वा जंगी पोशाक लगाएका कर्मचारीहरु ओसारपसार गर्न प्रयोग गरिने छैन ।


१३. विकास वा मानवीय सहयोगको चोरी, अन्य कार्यमा प्रयोग वा दुरुपयोग जस्ता कार्यहरु हामीलाई मान्य छैन ।

१४. हामी सबै सम्बन्धितलाई विकास तथा मानवीय कर्मचारीहरुलाई सहयोगको आवश्यकतामा रहेका जनतासम्म विकासका कार्यक्रमहरुलाई कार्यान्वयनका लागि पूर्ण पहुँच प्रदान गर्न साथै उनीहरुको सुरक्षाको प्रवर्द्धन र स्वतन्त्र आवागमन गर्न दिन आग्रह गर्दछौं ।

१५. हामी सबै सम्बन्धित पात्रहरुबाट अन्तर्राष्ट्रिय मानवीय तथा मानव अधिकार कानुनहरुको कडाईका साथ पालनाको अपेक्षा गर्दछौं र यसका लागि प्रोत्साहित गर्दछौं ।

United Nations · European Union · Swiss Agency for Development and Cooperation SDC · UKaid · JICA · Norwegian Embassy · Ministry for Foreign Affairs of Finland · Australian Aid · giz · AIN · SNV · KOICA · American Embassy

# ऋचाको हट स्टाइल पोज



ऋचा चड्ढा बलिउडमा आफ्नो दमदार स्टाइलका लागि परिचित छिन् ।

उनले आफ्नो प्रत्येक भूमिकामा जीवन भरिन् । नायिका सामाजिक सञ्जालमा पनि निकै सक्रिय छिन् । यहाँ उनी प्रायः आफ्ना ग्ल्यामरस तस्विरहरू शेयर गर्छिन्, जसले सँधै पनि इन्टरनेटको तापक्रम बढाउँछ । यसपटक पनि ऋचाले यस्तै गरेकी छिन् ।

ऋचाले सामाजिक सञ्जालमा आफ्नो आकर्षक तस्वीर शेयर गर्दै आफूले तौल घटाएको बताएकी छिन् । ऋचाको यो रूपान्तरण अचम्मको छ । ऋचा चड्ढाले आफ्नो आधिकारिक इन्स्टाग्राम अकाउन्टमा केही तस्वीर शेयर गरेकी छिन् जुन उनको पछिल्लो फोटोसुट हो । यी तस्वीरहरूमा ऋचाले आफ्नो हट स्टाइलमा पोज दिएकी छिन् ।

पहिलो तस्वीरमा ऋचा बसेर पोज दिइरहेकी छिन् । दोस्रो तस्विरमा ऋचाको क्लोजअप लिइएको छ भने तेस्रो तस्वीरमा अभिनेत्रीले अर्कातर्फ हेरिरहेको देखिन्छ । यी तस्वीरहरूमा सबैको नजर ऋचाको पहिरनमा छ ।

अभिनेत्रीले कालो शिमर डीप नेक ड्रेस लगाएकी छिन् । ऋचा मेसी हेयर बन र मेकअपमा निकै हट देखिन्छिन् । यी तस्वीरहरूसँगको क्याप्सनमा ऋचा चड्ढाले आफ्नो तौल घटेको बताएकी छिन् । ऋचा चड्ढा लामो समयदेखि आफ्नो व्यावसायिक जीवनभन्दा व्यक्तिगत जीवनका कारण चर्चामा छिन् ।

ऋचा र अली फजल लामो समयदेखि एकअर्कालाई डेट गरिरहेका छन् र दुवैले छिट्टै विवाह गर्न लागेका छन् । उनीहरू सन् २०२०मा नै बिहे गर्ने तयारीमा थिए तर कोरोनाका कारण उनीहरुले बिहेलाई अगाडि बढाएको दाबी गरिएको छ । यसैबीच, अब फ्यानहरू दुवैले जतिसक्दो चाँडो विवाह गरेको हेर्न चाहन्छन् ।

## बाशुमा 'ज्ञानीसंग हाम्रो नानी'

**दुहागढी, चैत २२।** मेचीनगर-१४ दुहागढीस्थित बाल सुबोधिनी माध्यमिक विद्यालयमा 'ज्ञानीसँग हाम्रा नानी' कार्यक्रम सम्पन्न भएको छ ।

मङ्गलवार विद्यालयमा आयोजित कार्यक्रममा समाजसेवी एवम् नेपाल रेडक्रस सोसाइटी झापा शाखाका सभापति लोकराज ढकालले आफ्ना जीवन भोगाइका अनुभवहरु सुनाउँदै बिद्यार्थीहरुलाई असल मान्छे बन्न प्रेरणा प्रदान गरेका थिए । रेडक्रसकर्मी ढकालले विद्यार्थीहरुलाई अनुशासित भई किताबी ज्ञानको अलावा बाहिरी ज्ञानमासमेत अब्बल हुनुपर्नेमा जोड दिए ।

विद्यालयले समाजका प्रतिष्ठित व्यक्तिहरुलाई विद्यार्थीसँग साक्षात्कार गराई उनीहरुका अनुभव सुनाउँदै उत्प्रेरणा जगाउने उद्देश्यका साथ यस्तो कार्यक्रम गर्ने गरेको प्रधानाध्यापक विश्व थापाले बताए ।

विद्यालय व्यवस्थापन समितिका अध्यक्ष बाबुलाल सुब्बाको सभापतित्वमा सम्पन्न कार्यक्रममा बाल क्लवकी अध्यक्ष लक्ष्मी राजवंशी र युवा रेडक्रस सर्कलका अध्यक्ष योगेश बस्नेतले कार्यक्रम प्रभावकारी भएको धारणा राखेका थिए ।

### विवाह ...

महाशाखाबाट खटिएको प्रहरीले ठगी गर्ने कार्यमा संलग्न श्रेष्ठलाई काठमाडौं बिशाल नगरबाट पक्राउ गरेको हो ।

उनलाई ठगी कसुर अन्तर्गत थप अनुसन्धानका लागि महानगरीय प्रहरी परिसर काठमाडौं पठाइएको छ ।

### जनप्रतिनिधिद्वारा ...

आठ नगरपालिका र सात गाउँपालिका रहेको झापामा अधिकांश जनप्रतिनिधि (प्रमुख-उपप्रमुख, अध्यक्ष-उपाध्यक्ष) ले पद दोहोऱ्याउने बताएका छन् । उपाध्यक्षहरुले भने अध्यक्ष पदका लागि उम्मेदवारी रहने जनाएका छन् । मेचीनगर, कमल र झापा गाउँपालिकाका प्रमुखले भने प्रमुख पद छाड्ने घोषणा गरेका छन् । मेचीनगर प्रमुख विमल आचार्यले मेयर पदमा चुनाव नलड्ने बताएका छन् भने झापा गाउँपालिकाका प्रमुख जयनारायण साहले पनि यसपटक अध्यक्ष पदमा नउठ्ने बताए । कमल गाउँपालिका प्रमुख मेनुका काफ्लेले अध्यक्ष पद नदोहोऱ्याउने बताएकी छिन् ।

मेचीनगर प्रमुख आचार्यले आफूले प्रयोग गर्दै आएको सरकारी गाडी आचारसंहिता शुरु भएसँगै नगरपालिकालाई बुझाउने बताएका छन् । सस्तो लोकप्रियताका लागि तत्कालै आफू चढ्दै आएको गाडी नछाड्ने र जनताको काम गर्नका लागि आचारसंहिता नलागुञ्जेलसम्म आफूले प्रयोग गर्ने बताए । यता मेचीनगर नगरपालिकाकी नगरप्रमुख मिना उप्रेतीले नगर प्रमुखमा आफ्नो उम्मेदवारी रहने बताएकी छिन् । पार्टीले आफूलाई टिकट दिनेमा विश्वस्त रहेको बताउँदै उनले सोही अनुसार आफू मतदातासँग निरन्तर सम्पर्कमा रहेको बताइन् । उनले प्रयोग गर्दै आएको सवारी आचारसंहिता लागेसँगै फिर्ता गर्ने बताएकी छिन् । बुद्धशान्ति गाउँपालिकाका अध्यक्ष रमेशकुमार भुजेलले अध्यक्ष पद दोहोऱ्याउने बताएका छन् । आफूले गर्दै आएका अधुरा योजना सम्पन्न गर्ने मेरो रहर छ । एकपटक अध्यक्ष पद दोहोऱ्याउने सोचमा छु । पार्टीले मलाइ नै टिकट दिन्छ भन्नेमा विश्वस्त छु- अध्यक्ष भुजेलले भने ।

बुद्धशान्ति गाउँपालिकाको नाममा रहेको सवारी टिकट पाउने बित्तिकै फिर्ता गर्ने उनले बताएका छन् । ढर्रा पार्ने गरी तत्कालै गाडी फिर्ता गर्ने मेरो सोच छैन । आचारसंहिता शुरु भएसँगै पालिकाको गाडी पालिका नै हस्तान्तरण गर्छु- भुजेलले भने । यता उपाध्यक्ष मिरा भूर्तेलले पनि उपाध्यक्ष पद दोहोऱ्याउने बताएकी छिन् । उनले पार्टीले टिकट नदिए चित्त बुझाउने समेत धारणा राखिन् । गाडीको विषयमा बोल्दै उनले भनिन्- आचारसंहिता शुरु भएपछि नगरको गाडी बुझाउँछु । त्योभन्दा अघि अधुरा रहेका कामको अनुगमन गर्न गाडीको प्रयोग गर्छु ।

बिर्तामोड नगरपालिकाका प्रमुख ध्रुवकुमार शिवाकोटीले पार्टीको निर्णय अनुसार नै आफू अघि बढ्ने बताएका छन् । पार्टीले मलाई नगर प्रमुखको पुनः जिम्मेवारी दिए सम्हाल्न तयार रहेको भन्दै उनले जनताको इच्छा अनुसार नै आफू अघि बढ्ने बताए । अहिले थोत्रो गाडी चढिरहेको छु । नाटक र ढोंग जान्दिनँ, समय आएपछि सवारी फिर्ता गर्नेछु- नगर प्रमुख शिवाकोटीले भने । यता उपप्रमुख पवित्रा महतारा प्रसाईंले आफू प्रमुखमा प्रतिस्पर्धा गर्ने बताएकी छिन् । पार्टीले लगभग टिकट दिने निश्चित छ । यसपटक नगर प्रमुखको जिम्मेवारी सम्हाल्छु- उपप्रमुख प्रसाईले भनिन् । सवारीका विषयमा बोल्दै उपप्रमुख प्रसाईले भनिन्- आज बुधवार नगरपालिकालाई गाडीको चावी हस्तान्तरण गर्छु ।

त्यस्तै हल्दिवारी गाउँपालिका अध्यक्ष रवीन्द्र लिङ्देनले अध्यक्ष पद दोहोऱ्याउने बताएका छन् । उनले जनताको इच्छा रहेकाले आफूले अध्यक्ष पद दोहोऱ्याउन लागेको बताए । आफूले प्रयोग गर्दै आएको गाडी यसअघि नै फिर्ता गरेको बताएका अध्यक्ष लिङ्देनले चुनावी प्रचारप्रसारमा जनप्रतिनिधिले सवारी प्रयोग नगर्ने हो भने मात्रै राज्यको इन्धन वापतको लाखौं रुपैयाँ बचत हुने बताएका छन् । यसैबीच उपाध्यक्ष डम्बर गिरीले यसपटक आफू अध्यक्ष पदमा लड्ने बताएका छन् । पार्टीले आफूलाई नै टिकट दिने बताउँदै उनले यसपटक हल्दिवारीको नेतृत्व आफूले लिने धारणा राखे । ५ बर्षे कार्यअवधिमा आफूले गाउँपालिकाको सवारी सुविधा नलिएको र आफ्नो निजी मोटरसाइकल चढेर जनताको काम गरेको उनले बताए ।

भद्रपुर नगरपालिका प्रमुख जीवनकुमार श्रेष्ठले पार्टीले जिम्मेवारी दिए नगर प्रमुख पद दोहोऱ्याउने बताएका छन् । उनले आफूले गरेका अधुरा योजना पूरा गर्ने इच्छा रहेको र चरित्रमा हालसम्म ह्रास नआएको, नैतिकतामा भ्रष्ट नदेखिएको कारण पनि आफू नै नगरप्रमुखको दाबेदार रहेको दावी गरे । उनले सवारीका विषयमा बोल्दै उम्मेवारी नदिउञ्जेलसम्म आफूले गाडीको प्रयोग गर्ने बताए । पार्टीको प्रचारप्रसार गर्न गाडी प्रयोग नगर्ने बताउँदै उनले आचारसंहिता शुरु भएसँगै गाडी बुझाउने बताए । यता उपप्रमुख चन्द्रमाया श्रेष्ठले आफू मेयर पदमा जाने बताएकी छिन् । उनले बेला आएपछि आफूले प्रयोग गर्दै आएको सवारी नगरपालिकालाई फिर्ता गर्ने बताइन् ।

कचनकवल गाउँपालिका प्रमुख अञ्जरा आलमले पार्टीको निर्णय बमोजिम नै आफूले अध्यक्ष पदका लागि उम्मेदवारी दिने बताएका छन् । पार्टीले यसपटक पनि आफूलाई नै अध्यक्षको नेतृत्व सम्हाल्न भनेसँगै अध्यक्ष पद दोहोऱ्याउन आफू तयार रहेको आलमको भनाइ छ । उनले प्रयोग गर्दै आएको गाडी समेत मंगलवार गाउँपालिकालाई फिर्ता गरेको र चुनावी प्रचारप्रसारमा आफ्नै सवारी प्रयोग गर्ने जनाएका छन् । यता उपप्रमुख निमसरी राजवंशीले आफू त्यही पद दोहोऱ्याउने बताएकी छिन् । उनले आफूले एक थान स्कुटर प्रयोग गरेको र उक्त स्कुटरको दुरुपयोग नहुने बताउँदै आफूले न्यायिक समितिको कार्यसम्पादन गरुञ्जेल प्रयोग गरिरहने बताइन् ।

बाह्रदशी गाउँपालिकाका प्रमुख खड्गप्रसाद राजवंशीले पार्टीको निर्णय अनुसार नै आफू अघि बढ्ने धारणा राखेका छन् । आफू पार्टीको वफादार सिपाही रहेको र पार्टीले जे भन्छ, त्यही मान्न तयार रहेको उनले बताए । उनले भने- पार्टीलाई अघि बढाउन अध्यक्ष पदका लागि उम्मेदवार भएर दोहोऱ्याउन भनेको खण्डमा आफू तयार छु । आफूले प्रयोग गरेको गाडीको विषयमा बोल्दै उनले सस्तो लोकप्रियता भन्दा पार्टीको नीति र सरकारले जारी गरेको आचारसंहिता अनुसार नै आफू अघि बढ्ने बताएका छन् । समय आएपछि गाउँपालिकाको गाडी फिर्ता हुन्छ- अध्यक्ष राजवंशीले भने । यता उपाध्यक्ष रत्नाकुमारी राजवंशीले आफूले अध्यक्षका लागि तयारी थालेको बताएकी छिन् । उनले आफूलाई नै पार्टीले टिकट दिने भन्दै अध्यक्ष पदमा लड्ने बताइन् । आफूले प्रयोग गरेको सवारीको विषयमा भने आचारसंहिता शुरु भएसँगै सवारी हस्तान्तरण गर्ने बताइन् ।

त्यस्तै झापा गाउँपालिका अध्यक्ष जयनारायण साहले अध्यक्ष पद नदोहोऱ्याउने बताएका छन् । उनले अध्यक्ष पद छाड्दै आफू प्रदेशका लागि योजना बनाएको धारणा राखे । सवारीको विषयमा भने समय आएपछि फिर्ता हुन्छ- अध्यक्ष साहले भने । यता उपाध्यक्ष कुन्तादेवी बुढाथोकीले पद नदोहोऱ्याउने बताएकी छिन् । उनले अरुलाई पनि अवसर दिने र आफ्नो स्वास्थ्यले समेत साथ नदिएकाले उपाध्यक्ष पदमा आफूले आशा नगरेको बताइन् । आफूले प्रयोग गर्दै गरेको गाडी यसअघि नै गाउँपालिकालाई बुझाइसकेको उनले बताइन् ।

कनकाई नगरपालिका प्रमुख राजेन्द्रकुमार पोखरेलले पार्टीको निर्णय अनुसार आफू अघि बढ्ने बताएका छन् । उनले जनभावना अनुसार आफूलाई नगर प्रमुख पद दोहोऱ्याउन आग्रह भइरहेको र पार्टीले आफूलाई नै टिकट दिए प्रमुख पद दोहोऱ्याउन तयार रहेको बताए । सवारीको विषयमा बोल्दै आफूले नगरबाट सवारी सेवा नलिएको जनाएका छन् । यता उपप्रमुख मञ्जु दाहाल प्रसाईंले भने दोहोऱ्याउने बताएकी छन् । उनले पार्टीले टिकट नदिएको खण्डमा अरुलाई सघाउने धारणा राखिन् । आफूले प्रयोग गरेको स्कुटर यसअघि नै फिर्ता गरेको र नगरको ल्यापटप समेत नगरलाई नै हस्तान्तरण गरेको उनको भनाइ छ ।

शिवसताक्षी नगरपालिका प्रमुख चन्द्रकुमार सेर्माले नगर प्रमुख पद दोहोऱ्याउने बताएका छन् । उनले आफ्नो उम्मेदवार पक्का भएसँगै आफूले प्रयोग गर्दै आएको सवारी फिर्ता गर्ने बताए । यता उपप्रमुख भोजकुमारी नेपालले प्रमुख पदमा नजाने भन्दै उपाध्यक्ष पद नै दोहोऱ्याउने बताएकी छिन् । आफूले प्रयोग गरेको सवारी फिर्ताको चरणमा रहेको उनले बताइन् ।

कमल गाउँपालिका अध्यक्ष मेनुका काफ्लेले अध्यक्ष पद नदोहोऱ्याउने बताएकी छिन् । उनले आफूले प्रयोग गर्ने सवारी समय आएसँगै फिर्ता गर्ने बताइन् भने उपाध्यक्ष वेनुप्रसाद शिवाकोटीले पार्टीको निर्णय अनुसार नै अघि बढ्ने बताए । सवारीको विषयमा उनले निजी मोटरसाइकल प्रयोग गरेको जानकारी दिए ।

गौरीगञ्ज गाउँपालिका प्रमुख बाबुराजा श्रेष्ठले अध्यक्ष पद दोहोऱ्याउने बताएका छन् । उनले प्रयोग गर्ने गाडीका विषयमा बोल्दै देखावटी नभई समय आएपछि आफैं गाडी फिर्ता गर्ने बताए । उनले भने गाडी व्यक्तिगत काममा प्रयोग हुँदैन विहीवारसम्ममा गाडी फिर्ता गर्छु । यता उपाध्यक्ष दिपिन्द्र थापाले आफूमाथि जाने सोचमा रहेको बताएका छन् । पार्टीको निर्णय मान्नुपर्ने बाध्यकारी नीति भएकाले पार्टीको निर्णयलाई नै आधिकारिकता मान्ने बताए । उनले सेवासुविधा भने नलिएको बताएका छन् ।

गौरादह नगरपालिका प्रमुख रोहितकुमार साहले पार्टीको निर्णय र जनताको इच्छा भए आफूले प्रमुख पद दोहोऱ्याउने बताएका छन् । अहिलेसम्म नागरिकले आफूलाई अघि बढाएकाले पार्टीले टिकट दिए नगर प्रमुख पदमा लड्ने बताए । यता सवारीका विषयमा बोल्दै उनले समय आएपछि गाडी फिर्ता गर्ने जनाएका छन् । उपप्रमुख गीता भेटवालले उपमेयर पद नै दोहोऱ्याउने जनाएकी छिन् । उनले भनिन्- यसअघि पनि सर्वाधिक मत प्राप्त गर्दै उपमेयर पदमा निर्वाचित भएकी हुँ । यसपटक पनि मलाई नै आग्रह गरेकाले उपमेयर पद दोहोऱ्याउने सोचमा छु । आफूले प्रयोग गरेको गाडी संघबाट प्राप्त भएको र नगरपालिकाको नाममा पास गरिसकेकाले आचारसंहिता शुरु भएसँगै गाडी फिर्ता गर्ने उनले बताइन् ।

उता दमक नगरपालिकाका प्रमुख रोमनाथ ओलीले पार्टीको निर्णय अनुसार आफू अघि बढ्ने बताएका छन् । उनले भनेका छन्- पार्टीले टिकट दिए मेयर पद दोहोऱ्याउँछु । सवारीको विषयमा बोल्दै उनले भने- आफू मेयर पदमा रहुञ्जेल सवारी प्रयोग गर्ने र छोडेको दिन मात्रै सवारी फिर्ता गर्नेछु । यता उपप्रमुख गीता अधिकारीले आफू नगर प्रमुख पदमा लड्ने बताएकी छिन् । उनले भनेकी छिन्- मेरो प्रमुख पदमा दावी हो । पार्टीको निर्णय पर्खिएकी छु । मेरै पक्षमा पार्टीले निर्णय गर्नेमा समेत विश्वस्त छु । सवारीको विषयमा बोल्दै उनले भनिन्- आचारसंहिता शुरु भएसँगै सवारी फिर्ता गर्नेछु ।

यता अर्जुनधारा नगरपालिका प्रमुख हरिकुमार रानाले नगर प्रमुख पद दोहोऱ्याउने बताएका छन् । उनले भनेका छन्- जनअपेक्षा अनुसार नै नगरप्रमुख पद दोहोऱ्याउने निधो गरेको हुँ । सवारीको विषयमा उनले आचारसंहिता नलागुञ्जेलसम्म प्रयोग गर्ने बताए । यता उपप्रमुख कमला खतिवडाले भने अध्यक्ष पदमा आफ्नो उम्मेदवारी रहने बताइन् । उनले भनिन्- एकपटक उपप्रमुखको अनुभव बटुलियो, अब प्रमुख पदमा मेरो दावी रहन्छ । सवारीका विषयमा भने अनुगमनको काम गर्न सवारी प्रयोग गर्नुपर्ने भएकाले आचारसंहिताले दिउञ्जेल सवारी प्रयोग गर्ने धारणा राखिन् ।

### प्लाष्टिकका ...

स्थापना गरिएको बताइएको छ ।

रु. ४ लाख ४७ हजारको लागतमा उद्योग स्थापना गरिएकोमा उक्त समूहले रु. दुई लाख ४६ हजार र गाउँपालिकाले रु. दुई लाख एक हजार व्यहोरेको समूहका कोषाध्यक्ष किरण राउतले बताए ।

यस्ता झोलाले वातावरण प्रदुषण नगर्ने र प्लास्टिकको झोला प्रयोगमा रोक लगाउने अभियानलाई सहयोग गर्ने उनको भनाइ थियो । उक्त समूहले यसअघि गाउँमै साना उद्योग स्थापना गरी अगरबत्ती उत्पादन गर्दै आएको छ । उत्पादित अगरबत्ती कुटीडाँडा, कोल्बुङ, हर्कटे तथा आसपासको क्षेत्रमा बिक्री हुँदै आएको अध्यक्ष राम खवासले बताए ।

पाथीभरा मन्दिर आसपासमा व्यापार गर्ने ब्यपारी सङ्गठित भइ स्थापना गरिएको सो समूहले समुदायमा सचेतनामूलक काम समेत गर्दै आएको स्थानीय पत्रकार गणेश अर्यालले जानकारी दिए ।


यसैगरी समूहले पाथीभरा मन्दिर सफा गर्नाका साथै विपतमा परेकाहरूलाई सहयोग समेत गर्दै आएको उपाध्यक्ष दिनेश निरौलाले बताए ।


**घर भाडामा**

बि.न.पा.-४ भद्रपुर रोडमा रहेको २ वटा सटर, ३ रुम, १ किचन र प्यासेजमा गाडी राख्न मिल्ने, अफिस, सहकारी, व्यापार, गोदामलाई उपयुक्त घर भाडामा छ ।
सम्पर्कः ९८०७९१०२२२, ९८५२६६०३६०

**सटर भाडामा**

झापाको धुलाबारी चोकैमा नयाँ बन्दै गरेको आधुनिक सपिङ्ग कम्प्लेक्समा व्यावसायिक सटरहरु धमाधम बुकिङ्ग खुल्ला गरिएको छ । इच्छुकले सम्पर्क गर्नुहोला ।


सम्पर्क : ९८५११ ५८५८१, ९८१४३२१२५२, ९८५१०४८४३२

**कपडा पसल बिक्रीमा**

बिर्तामोड नगरपालिका-५ कृषिथोक रोडमा चालू अवस्थामा रहेको फेन्सी कपडा पसल तु-विक्रीमा छ ।
मो. ९८४२६९५७८८
९८२६९३०६०५

**रेस्टुरेण्ट तु-बिक्रीमा**

बिर्तामोडस्थित सिटी सेन्टरको अगाडि भागमा रहेको चालू अवस्थाको रेस्टुरेण्ट तु-बिक्रीमा छ । इच्छुकले तु-सम्पर्क गर्नुहोला ।
सम्पर्क : ९८०७९१४७५९

**निक्षेप रकम उपर हकदावी गर्न आउने ३५ दिने सूचना**

जँग वीर थापाको नाती, भीम बहादुर थापाको छोरा १ नं. प्रदेश इलाम जिल्ला इलाम नगरपालिका वडा नं. ०३ बस्ने ओमबहादुर क्षेत्री भनिने यामबहादुर थापाले यस इलाम शाखामा खाता नं. २१११५२४०३००२९५ संचालन गर्दै आउनु भएकोमा मिति २०७८.०७.२६ मा निज खातावाला ओम बहादुर क्षेत्रीको निधन भएकोले सोही व्यहोरा उल्लेख गरी उपरोक्त खातामा रहेको रकम पाउँ भनी निज मृतकको श्रीमती नाता पर्ने जानुका देवी थापाले मृत्यु दर्ता प्रमाणपत्र र नाता प्रमाणित प्रमाणपत्र लगायतका अन्य आवश्यक कागजातसहित यस बैंक समक्ष निवेदन दिनु भएकोले यो सूचना प्रकाशित गरिएको छ ।

बैंक तथा वित्तीय संस्था सम्वन्धि ऐन २०७३ को दफा १११ बमोजिम निज मृतक ओम बहादुर क्षेत्रीको नाममा यस शाखामा रहेको निक्षेप मौज्दातको भुक्तानी दावीकर्तालाई दिन नपर्ने कुनै कारण भए वा अन्य कुनै व्यक्तिको हकदाबी छ भने यो सूचना प्रथमपटक प्रकाशित भएको मितिले ३५ (पैंतीस) दिनभित्र आफ्नो स-प्रमाण दाबी गर्न यस बैंकको इलाम शाखामा आउनुहोला । अन्यथा उल्लेखित म्यादभित्र कोही कसैको दावी पर्न नआएमा माग बमोजिम उपरोक्त खाताको रकम भुक्तानी हुने र सो का लागि बैंक जिम्मेवार नहुने व्यहोरा समेत जानकारी गराइन्छ । पछि कुनै उजुर बाजुरलाई बैंकले मान्यता नदिने समेत सूचित गरिन्छ ।

नेपाल एसबिआई बैंक लिमिटेड NEPAL SBI BANK LTD.
इलाम शाखा, इलाम
फोन नम्बरः ०२७-५२१७२४
फ्याक्सः ०२७-५२१७३१

**निक्षेप रकम उपर हकदावी गर्न आउने ३५ दिने सूचना**

श्याम कर्ण गुरुङको नाति, दल धन गुरुङको छोरा १ नं. प्रदेश पाँचथर जिल्ला फिदिम नगरपालिका वडा नं. ०८ बस्ने मनबहादुर गुरुङले यस इलाम शाखामा खाता नं. २१११५२४०३००४५४ सञ्चालन गर्दै आउनु भएकोमा मिति २०७८.०४.१९ मा निज खातावाला मनबहादुर गुरुङको निधन भएकोले सोही व्यहोरा उल्लेख गरी उपरोक्त खातामा रहेको रकम पाउँ भनी निज मृतकको छोरी नाता पर्ने जानुका गुरुङले मृत्यु दर्ता प्रमाणपत्र र नाता प्रमाणित प्रमाणपत्र लगायतका अन्य आवश्यक कागजात सहित यस बैंक समक्ष निवेदन दिनु भएकोले यो सूचना प्रकाशित गरिएको छ ।

बैंक तथा वित्तीय संस्था सम्वन्धि ऐन २०७३ को दफा १११ बमोजिम निज मृतक मन बहादुर गुरुङको नाममा यस शाखामा रहेको निक्षेप मौज्दातको भुक्तानी दावीकर्तालाई दिन नपर्ने कुनै कारण भए वा अन्य कुनै व्यक्तिको हकदाबी छ भने यो सूचना प्रथमपटक प्रकाशित भएको मितिले ३५ (पैंतीस) दिनभित्र आफ्नो स-प्रमाण दाबी गर्न यस बैंकको इलाम शाखामा आउनुहोला । अन्यथा उल्लेखित म्याद भित्र कोही कसैको दावी पर्न नआएमा माग बमोजिम उपरोक्त खाताको रकम भुक्तानी हुने र सो का लागि बैंक जिम्मेवार नहुने व्यहोरा समेत जानकारी गराइन्छ । पछि कुनै उजुर बाजुरलाई बैंकले मान्यता नदिने समेत सूचित गरिन्छ ।

नेपाल एसबिआई बैंक लिमिटेड NEPAL SBI BANK LTD.
इलाम शाखा, इलाम
फोन नम्बरः ०२७-५२१७२४
फ्याक्सः ०२७-५२१७३१

नेपाल सरकार
उद्योग वाणिज्य तथा आपूर्ति मन्त्रालय
कम्पनी रजिष्ट्रारको कार्यालय

**कम्पनीको दर्ता खारेजी गरिएको सूचना**

यस कार्यालयको मिति २०७५/०५/१९ मा दर्ता भएको प्रा.लि. नं. १७४४६८ को जानकी इन्भेष्टमेन्ट प्रा.लि. नामक कम्पनी यस कार्यालयको मिति २०७८/११/०३ को निर्णय अनुसार कम्पनी ऐन २०६३ को दफा १३६ (क) बमोजिम दर्ता खारेज गरिएको व्यहोरा सबैको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ ।

**मोहनमाया माध्यमिक विद्यालय**
विर्तामोड नगरपालिका - २, झापा

**दरभाउपत्र आव्हान सम्बन्धी सूचना**

प्रथमपटक प्रकाशित सूचना मिति २०७८/१२/१४

मोहनमाया माध्यमिक विद्यालय, विर्तामोड नगरपालिका-०२, झापाको लागि EVENT PROJECT II (EVENT परियोजना दोस्रो)को प्राप्त अनुदानबाट ICT कार्यक्रम अन्तर्गत निम्न बमोजिम कोटेशन आव्हान गरिएको छ । इच्छुक फर्म/कम्पनीले आवश्यक दस्तुर तिरी दरभाउपत्र खरिद गरी प्रस्ताव पेश गर्नुहुन यो सूचना प्रकाशित गरिएको छ ।

| विवरण | फारम शुल्क | बोलपत्र जमानत रकम | लागत इस्टमेट मू.अ.कर र सहित |
|---|---|---|---|
| ICT सम्बन्धी उपकरण/सामाग्रीहरु | १,०००/- | ५०,०००/- | १९,६०,२२५/- |

शर्तहरु
१) ईच्छुक दरभाउपत्रदाताले फर्म/कम्पनी दर्ताको प्रमाणपत्र, नवीकरण, PAN/VAT दर्ता प्रमाण पत्र र गत आ.व. २०७७/०७८ को कर चुक्ताको प्रमाण पेश गरी दरभाउपत्र फाराम खरिद गर्नु पर्नेछ ।
२) दरभाउपत्र १५औं दिन मिति २०७८/१२/२९ गतेको कार्यालय समयभित्र मोहनमाया माध्यमिक विद्यालयको लेखा शाखाबाट खरिद गरिसक्नुपर्नेछ र १६औं दिन मिति २०७८/११/३० गते दिनको १२:०० बजेभित्र यस विद्यालयमा दाखिला गरिसक्नु पर्नेछ र सोही दिन दिनको २:०० बजे दरभाउपत्रदाता वा निजहरुको प्रतिनिधिहरुको रोहवरमा खोलिनेछ । दरभाउपत्रदाता वा निजहरुको प्रतिनिधि उपस्थित नभएमा पनि दरभाउपत्र खोल्न वाधा पर्ने छैन ।
३) दरभाउपत्र फारममा कबोल रकम अंक र अक्षरमा स्पष्ट बुझिने गरी लेख्नुपर्नेछ । अंक र अक्षरमा फरक परेमा अक्षरलाई मान्यता दिइनेछ । केरमेट भएमा केरमेट भएको ठाउँमा दरभाउपत्रदाताले स्पष्ट सहीछाप गरेको हुनुपर्नेछ ।
४) दरभाउपत्र फारम खरिद बापतको रकम यस विद्यालयको राष्ट्रिय बाणिज्य बैंक शाखा विर्तामोडको हि.नं. २६२०१०००००१९५००१ मा जम्मा गरेको सक्कलै वैंक भौचर वा यस विद्यालयको लेखा शाखामा नगदै जम्मा गरेको नगदी रसीद सक्कलै पेश गर्नुपर्ने छ । साथै दरभाउपत्र जमानत रकम रु ५०,०००/- (अक्षरुपी रु पचास हजार मात्र) विद्यालयको राष्ट्रिय बाणिज्य बैंक शाखा विर्तामोडको हि.नं. २६२०१०००००१९५००१ मा जम्मा गरेको सक्कलै वैंक भौचर पेश गर्नु पर्नेछ ।
५) थप जानकारीका लागि विद्यालयको वेवसाईट www.mohanmaya.edu.np मा हेर्नुहुन वा सम्पर्क नम्बरमा सर्म्पक गर्न अनुरोध छ ।

**शेरबहादुर श्रेष्ठः** प्रधानाध्याक
सम्पर्कः ०२३-५४३६५२, ९८०३४७०१६०,९८४२६८४३५१,९८२४०२९६२८


श्रीअन्तु प्रकाशन प्रा.लि.द्वारा प्रकाशित तथा मुद्रित - कार्यालय : बिर्तामोड-१, झापा ■ प्रकाशक : भरतलाल गिरी, ■ अध्यक्ष : टोरुप प्रसाई, ■ व्यवस्थापक : चन्द्रकान्त ढकाल (९८४४६४२०९५/ ९८१७९९०२९९) ■ प्रकाशन सहयोगी : भानुप्रसाद शिवाकोटी ■ सम्पादक : एकराज गिरी
■ अनलाइन संयोजक : नरेन्द्र ढकाल ■ सह-सम्पादक : सुरेन्द्र भण्डारी ■ डेस्क सम्पादक : लक्ष्मण ढकाल ■ लेखा : सोमनाथ भण्डारी ■ कार्यकारी व्यवस्थापक : होमप्रकाश अधिकारी (९८४२६३४७४०) ■ बजार व्यवस्थापक : लीला आचार्य (९८१४०१८५७१)
■ प्रोसेसिङ : गोपाल मण्डल ■ प्राविधिक : बद्री महतारा ■ बजार प्रतिनिधि: गोपाल अधिकारी-९८४२६९६११२/सञ्जय श्रेष्ठ ९८०६०३३१५३ ■ कम्प्युटर : रुपा मुखिया/ सन्तोष अधिकारी (कार्यालय फोन : ०२३-५३१००२/प्रशासन/विज्ञापन : ०२३-५३००४४) Email: purwanchal2052@gmail.com

पूर्वाञ्चल

सम्पादकीय


## मतदाता नै सचेत हुनुपर्छ

आमनागरिकको जीवन र दैन्दिनीसँग नजिक रहने स्थानीय तहको निर्वाचन जति नजिक आउँदैछ त्यति नै उम्मेदवारहरुको चर्चा बढ्दैछ । विगतको निर्वाचनभन्दा भिन्न परिस्थिति रहेको सन्दर्भमा यसपटकको निर्वाचनको फरक महत्व छ । संघीयताको कार्यान्वयनपछि दोस्रोपटक हुन लागेको निर्वाचनमा कतिपय जनप्रतिनिधिले यसपटक पनि नेतृत्व लिने घोषणा गरिसकेका छन् । यद्यपि उम्मेदवार छनौटका लागि राजनीतिक दलहरुका आ–आफ्ना मापदण्ड हुन्छन्, तथापि जनमत तयार गर्न दवाव सृजना गर्न पदासीन व्यक्तिहरु लागीपरेका छन् । पन्ध्रवटा पालिका भएको झापाका केही प्रमुखले आसन्न निर्वाचनमा सोही पदमा दोहोर्‍याउने विचार प्रकट गरिसकेका छन् भने केही उपप्रमुख प्रमुख कै पदका दावेदार देखिएका छन् । राज्यले प्रदान गर्ने सेवासुविधा र पदमा रहँदा प्राप्त हुने प्रतिष्ठाको आकर्षण जनताप्रतिको जिम्मेवारीभन्दा बढी भएकैले पदका आकांक्षी देखिनु अनौठो होइन ।

यहीबेला बिर्तामोड नगरपालिकाकी उपप्रमुखले आफू जिल्लाकै उत्कृष्ट नेतृत्व रहेको तथ्यांक प्रस्तुत गरेकी छन् । उपप्रमुख पवित्रा महतरा प्रसाईंले उपप्रमुख भएपछिका कामका विवरण सार्वजनिक गर्दै आफू नेतृत्वको न्यायीक समितिले उत्कृष्टता हासिल गरेको बताइन् । त्यो बाहेक अनुगमन समिति र राजश्व परामर्श समितिले गरेका कामसँगै विकास निर्माणका कामहरुको विवरण समेत उनले प्रस्तुत गरेकी थिइन् । प्रत्येक वडामा मेलमिलाप केन्द्र गठन गरी करिब तीन हजार मुद्दा दर्ता भएकोमा दुई हजार केन्द्रमै निरुपण गरिएको उनको तथ्यांकमा जनाइएको छ । त्यस्तै सामी परियोजना मार्फत वैदेशिक रोजगार सम्बन्धी मुद्दामा समेत अपेक्षित र उल्लेख्य सफलता हासिल गरेको उनको भनाइ छ ।

आफ्नो कार्यकालको कार्य विवरण प्रस्तुत गर्दै स्वास्थ्य क्षेत्र, महिलाको आर्थिक सशक्तिकरण र जीविकोपार्जन, महिला हिंसा निवारण, गोवर ग्यास अनुगमन लगायतका क्षेत्रमा भए गरेका कार्यसूचीको प्रस्तुतीसहित प्राप्त उपलब्धीहरुको विवरण सुनाउँदै उनले आफूलाई सफल नेतृत्वका रुपमा प्रस्तुत गरिन् । जनताको सेवा गर्ने प्रतिबद्धता प्रकट गर्दै निर्वाचन लडेका र विजयी पदाधिकारीहरुले गरेका काम नियमित प्रक्रिया नै हुन् । त्यसकै लागि राज्यबाट सुविधा उपभोग गरेका जनप्रतिनिधिले आफूले गरेको भनेर बहादुरी देखाउनुपर्ने विषय नै होइन । किसानले पसिना बगाउँछ, तर यति दुःख गरें भनेर भन्दैन न त एउटा कुनै पेशाकर्मीले नै भन्छ । त्यसैले मतदाताले नै चतुर्‍याइँ कुराहरुको मूल्यांकन गर्नुपर्छ । आफ्नो मत खेर नजाओस्, योग्य र क्षमतावान नेतृत्व चयन होस आफू सचेत हुनुपर्छ अनि मात्र स्थानीय विकास र मतदाताको हकअधिकार सुनिश्चित गर्ने प्रतिनिधि निर्वाचित हुन सक्छन् ।

# एमालेले पीठो बेच्दा अरुको चामल किन बिकेन ?



विमल लामिछाने


गाउँदेखि शहर र चिया पसलसम्म चुनावी माहोल तातिएको छ। आगामी वैशाख ३० गते स्थानीय सरकारको निर्वाचन देशभर एकै चरणमा सम्पन्न हुँदैछ। छ वटा महा-नगरपालिका, ११ उप-महानगरपालिका दुई सय ७६ नगरपालिका र चार सय ६० गाउँपालिकाको निर्वाचन मार्फत सात सय ५३ स्थानीय तहले ताजा जनादेशसहितको नेतृत्व पाउँदैछन्। यी स्थानीय तहमा ३५ हजार दुई सय १८ नयाँ जनप्रतिनिधिहरु चुनिएर आउने छन्। यसले स्थानीय तहको शासन आगामी पाँच वर्षका लागि निश्चित गर्नेछ।

यसपालीको चुनाव गत वर्षको चुनावभन्दा निकै फरक देखिन्छ। कांग्रेस, एमाले, माओवादी केन्द्र, एकीकृत समाजवादी, जनता समाजवादी पार्टी नेपाल र राष्ट्रिय जनमोर्चा लगायतका दलसँग गठबन्धन गरी अघि बढ्ने सहमत छन्। अर्कोतर्फ एमाले एक्लै चुनावमा होमिने तरखरमा छ। एमालेले केही साना दलहरुलाई सहमति गर्ने प्रस्ताव गरे पनि स्वीकारी सकेको अवस्था छैन।

चुनावी प्रचार र जनतासँगको सहकार्यलाई हेर्ने हो भने एमाले सांगठनिकरुपमा सतहमा पुगेको देखिन्छ, उसले पुरानो पीठोलाई ताजा आँटा भनेर बेचिरहेको छ, एमालेको व्यापार फष्टाएको देखिन्छ, तर गठबन्धनको अर्को ठूलो शक्ति नेपाली कांग्रेस हो, यो मुलुकको पुरानो र स्थापित पार्टी हो, कांग्रेससहितको गठबन्धनले एमालेको तुलनामा व्यापारिक बठ्याई गर्न सकेका पाइँदैन। एमालेले पीठो बेच्दा गठबन्धनका अरु दलहरुले असली चामल पनि बेच्न सकेका छैनन्।

गठबन्धनभित्रकै अर्को जनअपेक्षित शक्ति हो माओवादी केन्द्र। जनतासँग प्रत्यक्ष गाँसिन र सांगठनिक संरचना सतहसम्म निमार्ण गर्न नसक्दा यो या त्यो कुनै दलको समर्थन बिना हिँड्न नसकेको देखिन्छ। एकबाट दुई र दुईबाट चार हुँदै गाउँबाट शहर घेर्न र शासनको रुप फेर्न सफल भएको पार्टीले अब स्वरुप फेर्न पनि हिम्मत गर्नुपर्छ। अब माओवादीले एकपटक फेरि जनताको भरोसा बटुलेर परिवर्तनका निम्ति जम्प गर्नैपर्छ। स्वरुप फेर्ने उचित समय आएको छ। माओवादीले निर्वाचन र सत्ता सञ्चालनको विषय बुझ्न नसक्ने कुरा अब हुँदैन। दश वर्षे जनयुद्धको जगमा स्थापित माओवादी खुल्ला राजनीतिक यात्रामा संसदीय व्यवस्था मान्दै निर्वाचनमा होमिएको तीन पटक भइसक्यो । अब अभ्यास पुगेन भन्ने छुट छैन।

'जनयुद्ध' शान्ति प्रक्रिया हुँदै २०६३ मंसीरबाट खुला राजनीतिमा आएको नेकपा माओवादी केन्द्र सत्तामा गएर १५ वर्ष पूरा गरिसकेको छ। २०६३ सालमा तत्कालीन प्रधानमन्त्री गिरीजाप्रसाद कोइराला नेतृत्वमा सरकारमा माओवादी पहिलो पटक सहभागी भएको थियो। माओवादी शान्ति प्रक्रियामा आइसकेपछि पछिल्ला १५ वर्षमा नेपालमा १३ वटा सरकार बनेका छन्। ती मध्ये १० सरकारमा माओवादी पार्टी सहभागी भएको छ। तीन वटा सरकारको नेतृत्व त माओवादी आफैंले गरेको छ। दोस्रो जनआन्दोलनपछि बनेका सरकारमा सबैभन्दा धेरै सहभागी हुने दल माओवादी नै हो। यसर्थ, माओवादीलाई अब सत्ताको अभ्यास थिएन, सरकारको अभ्यास पुगेन, बुलेटबाट स्थापित पार्टीले ब्यालेटको रुल बुझेन




भन्ने र जनताबाट उम्किने छुट कदापि पाउनेवाला छैन ।

राजनीतिक परिवर्तनमा र आजको राजनीतिक संरचनामा मुलुकलाई पुर्‍याउन माओवादीको योगदान छ। सँगसँगै आजका बेथितिमा पनि माओवादी पार्टी त्यति नै मुछिएको छ। सत्ता र त्यसको वरिपरि पुगेका माओवादी नेता/कार्यकर्ताको जीवन कायापलट भएको तर जुन सीमान्तकृत जनताका नाम र सहभागितामा सो पार्टीले 'जनयुद्ध' गर्‍यो तिनलाई बिर्सिएको आरोप माओवादी माथि छ। यो आरोप चिर्न नेपाली राजनीतिमा सत्तालाई मात्र प्रधान मान्ने प्रवृत्तिले शान्ति प्रक्रियापछि आमनागरिकमा माओवादीले गरेको सम्पूर्ण वाचा ऊ कमजोर हुँदा अझै सबै पूरा हुन सकेका छैनन्। पार्टी विधान र पद्धतिभन्दा आफूलाई माथि ठान्ने नेताको प्रवृत्तिले अन्ततः माओवादीलाई पनि अछुतो भने राख्न सकेन। यो सत्य जनता माझ लिएर जान र कमजोरी माथि आत्मसमीक्षा गर्न सक्नुपर्छ।

केही कमजोरीका बाबजुद् पनि माओदीले सत्तामा रहेका बेला धेरै राम्रा काम गरेको छ। तर, गरेका काम पनि जनतालाई देखाउनै सकेको छैन, परिवर्तनका पक्षधर हौं भन्ने बुझाउनै सकेन, कार्यकर्तालाई संरक्षण गरेर परिचालन गर्न सकेन। वाक स्वतन्त्रता र दासत्वको विरुद्ध बुलन्द आवाज उठाएको माओवादी अहिले पनि यसैको पक्षमा लडिरहेको छ भन्ने कुरा जनताकोमा गएर मसिनु गरी बुझाउन सक्नुपर्छ। रातारात एमालेसँग माओवादीको गठबन्धन बनाएर निर्वाचनमा होमिएको संयुक्त गठबन्धन पार्टी एकतामा प्रवेश गर्दै अन्ततः विभाजनमा प्रवेश गर्‍यो। यसको मुख्यकारण एमालेभित्रको अहंकार र अतिवाद नै हो भन्ने कुरा जनतालाई बुझाउन अझै पनि आवश्यक छ।

गरीब झन् गरीब, धनी झन् धनी हुने अवस्थालाई रोक्न माओवादी कमजोर हुँदा प्रतिगामी शक्तिहरु टाउको उठाउन प्रयत्नशील रहे पनि माओवादी त्यसको विरुद्धमा सधैं अग्रमोर्चामा रहेर संघर्ष गरिरहेको छ । देश विकासको अल्पकालीन र दीर्घकालीन कयौं योजना बनाएको माओवादी कमजोर हुँदा कतिपय योजनाहरु अहिले पनि अलपत्र छन्। तसर्थ, माओवादीमा अहिले आम नेपालीको आशा र भरोसा पुनः एक पटक थपिएको छ। माओवादीले हार्दा प्राप्त उपलब्धि खतरामा परेको महशुस गरेका आम नेपालीजन यसपटक स्थानीय सरकार मार्फत माओवादीबाट राष्ट्रको भविष्य खोजिरहेका छन्।

केपी शर्मा ओलीको नेतृत्वमा रहेको एमालेले माओवादीको अस्तित्व नस्वीकार्दा बामपन्थीको दुईतिहाइ बहुमत भएर पनि बाँदरको पुच्छर सरह हुनुपरेको विषय पनि भुल्न मिल्दैन। जनताका उपलब्धी सकिए केही फरक पर्दैन, तर माओवादीलाई उठ्न दिनु हुँदैन भन्ने एमालेको सोचका कारण एकता टुटेको कुरा जनताका सामु जस्ताको त्यस्तै लान आवश्यक छ।

नेपाली कांग्रेससहितका पाँच दलले प्रतिगमन विरोधी मुद्दामा खेलेको भूमिका, स्थानीय तहलाई अधिकार सम्पन्न बनाउन गरेको भूमिकाले गठबन्धन शक्तिलाई यो निर्वाचनमा जाने सहज मार्ग प्रशस्त छ। गठबन्धनलाई कसैले पवित्र भनेका छन् त कसैले अपवित्र र अस्वस्थ भन्ने कुतर्क पनि नआएको होइन, तर प्रजातन्त्रको वास्तविक संघर्ष वामपन्थी र दक्षिण पन्थीबीच होइन, निर्णय अधिकारसहितको सहभागिताको लागि हो। यो अग्रगमन र पश्चगमनबीचको संघर्ष पनि हो। अहिलेको गठबन्धनसहितको साझा संघर्ष जनताका उपलब्धीहरुलाई सिध्याउने र बचाउने बीचको शक्ति संघर्ष हो। जनताको संविधान र संघीयताको रक्षा र विकास चाहने र नचाहने शक्तिबीचको तालमेल पनि हो।

यसपटक मतदाताले लोकप्रिय छवि भएका उम्मेदवार खोजेका छन्। विकासका पक्षधर उम्मेदवार पाउँदा र नपाउँदाको परिणाम फरक हुँदोरहेछ भन्ने पनि बुझिसकेका छन्। देशमा स्वस्थ राजनीतिक तथा चुनावी वातावरण सिर्जना गर्न र मतदाताको विश्वास जित्न हिंसा, कुनै पनि समूहलाई होच्याउने खालमा प्रचार-प्रसारबाट टाढा रही प्रजातान्त्रिक वातावरण सिर्जना गर्न सबैको सहयोग जरुरी छ।

माओवादीसहितका अग्रगामी परिवर्तनका पक्षधर शक्ति एक भए भने केही गर्न सक्छन् भन्ने आशा आमनागरिकमा अहिले पनि मरिसकेको छैन। प्रतिगमनविरुद्ध जनताको खबरदारी कायमै छ। बहुदलीय व्यवस्था बलियो बनाउन राजनीतिक दलले पारस्परिक समझदारी, सद्भावना र समन्वयको भावना देखाउनु पनि पर्छ। निसंकोच जनतामाथि निष्पक्ष व्यवहार गर्नुपर्छ। यसैबाट मात्र राष्ट्रको कल्याण हुनुका साथै जनताको राजनीतिक चेतना पनि अभिवृद्धि हुनेछ।

मताधिकार जनताको राजनीतिक अधिकार हो। आफूलाई उचित र सही ठानेकालाई मत दिने अधिकार हो। दलले पत्याएका उम्मेदवारलाई मात्र भोट हाल्नु पर्छ भन्ने बाध्यता छैन। यसैले सही प्रतिनिधि छान्न राज्यका समस्त जनता उत्साहका साथ आगामी चुनावको प्रतिक्षा गरिरहेका छन्।

bmllamichhane@gmail.com

## वृद्धाश्रममा सहयोग गर्दै पूर्व विद्यार्थीले मनाए चौथो वार्षिकोत्सव



**बिर्तामोड, चैत २२।** कनकाई-९ मा रहेको आर्दश विद्या मन्दिर मावि घैलाडुब्बाका पूर्व विद्यार्थीले वृद्धवृद्धालाई सहयोग गर्दै चौथो वार्षिककोत्सव मनाएका छन् ।

पूर्व विद्यार्थी समाजका अध्यक्ष प्रेमप्रसाद चम्लागाँईले बिर्तामोड-४ मा रहेको परोपकार अनुसन्धान केन्द्रद्वारा सञ्चालित वृद्धाश्रम हाम्रो साझा घरमा रहेका आमा-बुबालाई एकछाक खाना खुवाउनुका साथै १० वटा खाट प्रदान गरेर चौथो वार्षिककोत्सव मनाएको जानकारी दिए ।

वार्षिक उत्सवमा समाजका उपाध्यक्ष राजु भुजेल, सचिव रुद्र बोहोरा, सदस्यहरु वीरेन्द्र शिवाकोटी, मोहनसिंह राजवंशी, डिल्लीप्रसाद चम्लागाईं, कमला न्यौपाने, सीता खतिवडा, रितु निरौला, कामना उप्रेती लगायतका पूर्व विद्यार्थीहरुले वृद्धाश्रममा पुगेर आमा-बुबालाई सहयोग गरेको अध्यक्ष चम्लागाँईले जानकारी दिए ।

मानवीय सेवालाई प्राथमिता दिँदै आश्रममा रहेका आमा-बुबालाई खाट प्रदान गरेको बताइएको छ । विभिन्न सामाजिक काम गर्दै आएको पूर्व विद्यार्थी समाजले यसअघि आफूहरु अध्ययनरत् विद्यालयमा फिल्टरसहितको शुद्ध खानेपानीको व्यवस्था, सोही विद्यालयमा अध्ययनरत् आफ्ना साथीहरूलाई अस्वस्थ रहेका बेला आर्थिक सहयोग गरेको सचिव बोहोराले बताए । उनले दिर्घरोगीहरुलाई पूर्व विद्यार्थीको नाताले सहयोग गरेको जानकारी दिए ।

पूर्व विद्यार्थी समाजले आर्दश विद्या मन्दिर मावि र चैतुबारीमा रहेको पञ्चरत्न माविमा अध्ययनरत् विद्यार्थीका एक सय ७५ परिवारलाई कोरोनाका कारण भएको लकडाउनको समयमा सात दिनसम्म खानाको व्यवस्था गरेको सचिव बोहोराले बताए । पूर्व विद्यार्थीहरुले विद्यार्थीको शैक्षिक विकासका लागि विभिन्न कार्यक्रमहरु समेत सञ्चालन गर्ने जनाइएको छ ।

## सात महिनादेखि भुर्तेल परिवार विस्थापित

विनोद पाण्डे

**बिर्तामोड, चैत २२।** बुद्धशान्ति गाउँपालिका-४ बर्ने चिया कमानका तेजराज भुर्तेलको परिवार विगत सात महिनादेखि घरबाट विस्थापित बनेका छन् ।

गत भदौ महिनामा घरदेखि ५० मिटर उत्तर सडक क्षेत्रमा रहेको पिपलको रुख हावापानीका कारण ढलेपछि नजिकै रहेको बिजुलीको पोलसहित तार घरको छानोमा खस्दा भुर्तेल परिवारले घरबाट विस्थापित बन्नु परेको हो ।

आँगन र घर पस्ने बाटो समेत बन्द हुनेगरी ढलेको बिजुली पोललाई स्थानीय सरकारले हटाई दिन्छ भन्ने आसा राखेर बुद्धशान्ति गाउँपालिकामा निवेदन पेशगरे, जानकारी गराए, तर आजसम्म पालिका वा सम्बन्धित निकायले चासो दिएका छैनन् । समस्या समाधान गर्न कहिलेको आउलान भनेर बाटो हेर्दैमा दैनिकजसो भुर्तेल परिवारको आँखा टहलाउने गरेको छ । हाल आफूले गर्दै आएको चिया दोकान घुम्तीमा भुर्तेल परिवारका सदस्यहरु रात काट्न बाध्य भएको बताएका छन् ।

आफ्नो घरमा दुईवटा बिजुलीको पोल र छिमेकीको छानामा तार लत्रेको छ । समस्यालाई समाधान गरी दिन गाउँपालिकाका अध्यक्ष रमेश भुजेल, वडाध्यक्ष, सामाजिक अगुवा र नेताहरुलाई पटक-पटकभन्दा र आग्रह गर्दा कुनै चासो नदेखाएको भन्दै भुर्तेलले आफ्नो पीडा सञ्चारकर्मी समक्ष पोखेका छन् ।



भुर्तेत भन्छन्- 'म गरीब परे चिया बगानको मजदुर, मेरो समस्या अध्यक्षले किन सुन्छन् । यदि म धनी भएको थिए भने यो समस्या तुरुन्त समाधान गरिदिने थिए । म उहाँहरुलाई पैसा दिन सक्दिनँ, त्यसैले समस्याबारे स्थानीय सरकारका प्रमुख लगायतले पोल हटाउन चासो देखाएनन् ।'

विगत २८ बर्षदेखि स्थायी बसोबास गर्दै आएका भुर्तेलको घरमा भदौ महिनामा बिजुली पोल खसेपछि स्थानीय सरकार प्रमुख भुजेलले तत्काल स्थलगत अवलोकन पनि गरेका थिए ।

सो समयमा भुर्तेलको समस्या समाधान गर्ने प्रतिबद्धता जनाएर फर्किएका भुजेलले यतिको लामो समयसम्म समस्या समाधानको लागि चासो नदेखाएको भन्दै भुर्तेलले दुखेसो पोखेका छन् । आफ्नो पहुँच पुग्ने पालिकामा कुरा राखे अरुतिर मेरो पहुँच पुग्दै म कसो गरौं भन्दै भुर्तेल भावुक बन्ने गरेका छन् ।

यता गाउँपालिका प्रमुख भुजेलले ३३ हजार केभी प्रशारण लाइनलाई गाउँपालिकाले हटाउन नमिल्ने कानूनी प्रावधान रहेकाले समस्या समाधान हुन नसकेको जानकारी दिए । उनले गाउँपालिकाले हटाउने प्रयास गरे पनि त्यो सम्भव नभएको बताए ।

इलाम जिल्ला अन्तर्गतको प्रशारण लाइन भएकाले इलाम विद्युत प्राधिकरणलाई पोल हटाइदिन पत्र पठाएको तर पत्रको सुनुवाई नभएको अध्यक्ष भुजेलले जानकारी दिए । यस विषयमा पुनः इलाम प्राधिकरण समक्ष पहल गर्ने जानकारी दिए ।

